दोस्रो पटक पाठेघरमा भ्रुण हाल्दा सुरूको प्रक्रियामा जानुपर्दैन । प्रयोगशालामा राखिएको भ्रुण राख्ने मात्र हो । अहिलेसम्मको नतिजा हेर्दा यसरी सुरक्षित भ्रुण राख्दा पहिलेकोभन्दा प्रभावकारी नतिजा आएको छ ।

दम्पत्तिले एक वर्षसम्म परिवारनियोजनका कुनै साधन प्रयोग नगरिकन नियमति यौनसम्पर्क गर्दा पनि बच्चा बसेन भने त्यसलाई बाँझोपन भनिन्छ । त्यो अवस्थामा ट्युब, डिम्बाशय, हार्मोन या पुरुषमा केही खराबी छ कि भनेर हामी पत्ता लगाउँछौं। त्यसपछि मात्रै बिरामीको उपचार सुरू हुन्छ ।

आइ.भि.एफ बारे धेरैको कमजोर बुझाइ रहेको पाइन्छ । आइ.भि.एफ गरेर बच्चा जन्माएको भन्ने कसैलाई थाहा नहोस् भन्नेहरू पनि हुन्छन् । कतिपयले यसरी जन्मिने बच्चा नियमित प्रक्रियाबाट जन्मिनेभन्दा फरक हो भन्ने गलत धारणा पनि बनाएको पाइन्छ ।

आइ.भि.एफ पद्धतिबाट जन्मने बच्चा सामान्य हुन् । जुन प्रक्रियाले पाठेघरभित्र बच्चा बन्छ त्यही प्रक्रिया प्रयोगशालामा गरिएको मात्र हो ।  नेपालमा यसको प्रयोगबारे विस्तारै सचेतना फैलिँदैछ ।

यदि महिलाको डिम्बाशयमा अण्डा छैन वा उसको उमेर ४०-४५ भइसक्यो भने सामान्य प्रक्रियाबाट आमा बन्न नसक्ने सम्भावना धेरै हुन्छ । यस्तो अवस्थामा अरू महिलाको अण्डा र महिलाको श्रीमानको विर्य मिलाएर पाठेघरमा राखिन्छ । विर्य पनि अज्ञात दाताबाट लिन मिल्छ । सायद यही कारणले मानिसमा गलत धारणा परेको हुनसक्छ । तर जसले बच्चा जन्माउँछ, त्यो बच्चा उसकै हो ।

यो प्रक्रियाबाट बच्चा जन्माउँदा महिलालाई पूर्णरुपमा आराम लिएर सुत्नुपर्छ, कामै गर्न सकिँदैन, औषधी मात्रै खानुपर्छ भन्ने गलत बुझाइ छ । तर यो पूरा सही होइन । सुरूआती समयमा आराम गर्न परे पनि बेड रेस्ट नै भन्ने होइन । सामान्य गर्भवतीलाई एक-एक महिनामा अस्पताल बोलाए जस्तै आइ.भि.एफ गरेकालाई पनि बोलाइन्छ । त्यस्तै सामान्य टिटनास खोप, आइरन, क्याल्सियम र आबश्यक्ता अनुसारको औषधि दिइन्छ । सुत्केरी पनि सामान्य प्रक्रियाबाटै हुन्छ ।


**Om IVF Centre**

Chabahil,Kathmandu-Nepal

Phone: 4576225 (EXT: 328)

Mobile:9869008474

omhrc@omhospitalnepal.com

ivf@omhospitalnepal.com


OM HOSPITAL
& RESEARCH CENTRE
An ISO 9001:2015 Certified Hospital


OM HOSPITAL
& RESEARCH CENTRE
An ISO 9001:2015 Certified Hospital


I.V.F

# ॐ आइ.भि.एफ.सेन्टर

## वात्सल्य सुखको भरपर्दो गन्तव्य









# ॐ आइ.भि.एफ. सेन्टर

ॐ हस्पिटलएण्ड रिसर्च सेन्टर प्रा.लि.चाबहिल नेपालका निजी क्षेत्रबाट सञ्चालित अस्पताहरु मध्येको अग्रणि स्वास्थ्य उपचार सेवाप्रदायक संस्था हो । यो अस्पताल नेपालमा मातृशिशु उपचार र स्त्रीतथा प्रसुति रोगको उपचारका लागि उत्कृष्ट गन्तब्यको रुपमा समेत स्थापित भएको छ । सेवा विस्तार गर्ने क्रममा नेपालमा नै नि:सन्तानपनको उपचार सेवा पहिलो पटक शुरु गर्ने अस्पताल र सर्वाधिक सफलता दर सहितइनभिट्रो फर्टिलाइजेसन (आइभिएफ) सेवाका लागि पनि यसले उत्तिकै ख्याती कमाएको छ ।

ॐ अस्पतालको आइभिएफ सेवा २०६१ साल आषाढ २६ गते बुधवार अर्थात सन् २००४ जुलाई १० तारेखकादिन भएको हो ।

यो केन्द्र नेपालमानि:सन्तानपनकाकारण समाजिक समस्या फैलिरहेका दम्पतिहरुलाई लक्षित गरी विश्वस्तरिय प्रविधि, उपकरण तथा विशेषज्ञ सहित उपचार सेवा शुरु गरिएको हो । यस नि:सन्तानपन उपचार केन्द्रमा उपचारका क्रममा वंशाणुगत समस्याहरुलाई नियन्त्रण गरी स्वस्थ भ्रुण आमाको गर्भमा रहने सुनिश्चित गरिन्छ ।

नेपालका पहिलो टेष्टट्यूव बेबी ॐ मणी तामाङको जन्मपछिहाल यस आइभिएफ केन्द्रले हजार जनाभन्दाबढी स्वस्थ टेष्टट्यूव बेबीहरुलाई जन्मदिइसकेको छ भने आइ.भि.एफ. तथा आइ.सि.एस.आई.(ICSI) सेवाका लागि नेपालको पहिलो रोजाईको सेवा प्रदायकका रुपमा समेत स्थापित भएको छ ।

# आइ.भि.एफ.विधिके हो ?

सामान्यतया केटी मान्छेमा महिनावारीको बीचको समयमा एउटा अण्डा बन्छ। त्यो अण्डा डिम्बाशयबाट निस्किएर ट्युबमा जान्छ। त्यही बेला यौनसम्पर्क हुँदा योनीबाट विर्य पनि पाठेघर हुँदै ट्युबमा पुग्छ। यसरी ट्युबमा बनेको पछि आएर पाठेघरमा बस्छ। बच्चा बन्ने यो एउटा सामान्य प्रक्रिया हो।

यदि कुनै कारणले डिम्बाशयमा अण्डा नबनेर ट्युबमा पुग्दैन वा ट्युब बन्द भएर विर्य र अण्डाको संयोजन हुन पाएन अथवा पाठेघरमा बच्चा बन्ने प्रक्रिया हुन नसके आइभिएफ विधि प्रयोग गरिन्छ। बच्चा बन्ने यही प्रक्रियालाई कृत्रिम तरिकाले बाहिर प्रयोगशालामा गरिनुलाई आइभिएफ (इनभिट्रो फर्टिलाइजेशन) पद्धति भनिन्छ। सामान्य भाषामा टेष्ट्युब बेबी।

सुरूआती समयमा कृत्रिम तरिकाले गर्भाधान गराएर भ्रुणलाई ट्युबमा विकास गरिने भएकाले त्यसलाई टेस्ट्युब बेबी भनिएको हो।

महिलाको अण्डामा समस्या भएको, बन्ने प्रक्रिया नभएको, अन्य कुनै महिलाको अण्डा लिनुपर्ने भए वा पुरुषको विर्यमा कुनै खराबी देखियो भने अण्डा र विर्य झिकेर संयोजन गराइन्छ। यसरी लिइएको अण्डा र विर्य प्रयोगशालामा हुने उपकरण (इन्कुबेटर) मा ३ देखि ५ दिनसम्म राखिन्छ। त्यसपछि विकास भएको भ्रूणलाई महिलाको पाठेघरमा राख्ने प्रक्रिया नै आइभिएफ पद्धति हो।

# आइ.भि.एफ किन गर्ने ?

महिलाको अण्डा वा पुरुषको वीर्य बन्ने प्रक्रिया नभएमा जसको खराबी छ, त्यसको परिपूर्ति अर्को व्यक्तिबाट गर्नुपर्ने हुन्छ ।यसरी लिइएका अण्डा र वीर्य इन्कुबेटरमा ३ देखि ५ दिन राखेर भ्रुण विकास गरिन्छ । ट्युबमा विकसित भ्रुणलाई उपकरणमार्फत पाठेघरमा पठाएर गर्भाधान गराइन्छ । यो आइभिएफ प्रविधि निसन्तान वा बाँझोपनको सफल समाधान बनेको छ ।

अण्डाशयमा अण्डा नबन्ने अथवा साना-साना डिम्ब बने पनि नबढ्ने, पाठेघरको नली पूरा बन्द भएमा, पिप या पानी जमेमा, पाठेघरको झिल्ली क्षयरोग अथवा कुनै कारणबाट पातलो भएमा, हर्मोनमा गडबडी, पाठेघरको झिल्लीमा मासु बढ्नु, गर्भाशयको मुख ज्यादै सानो हुनु जस्ता अवस्थाले बच्चा नभएमा आइभिएफ विधिको सहायता लिइन्छ ।

आइ.भि.एफ विधिमामा पुरुषको शुक्रकीटलाई सफा गरेर त्यसलाई स्वस्थ बनाएर राखिन्छ, त्यस सँगसँगै अण्डा कम बन्ने महिललाहरुलाई अण्डा उत्पादन गर्न सक्ने हर्मोनहरु औषधीहरू राखिन्छ र अण्डाको विकास गर्छौं । त्यसरी विकास भएको महिलाको डिम्बलाई कृत्रिम तरिकाले निकालेर प्रयोगशालामा शुक्रकीटसँग मिलाएर भ्रुण विकास गराएपछि महिलाकै पाठेघरमा प्रत्यारोपण गरेर पाठेघरभित्रै बच्चा गर्भधारण गराइन्छ ।

सुरुवातमै सबैलाई आइभिएफ गर्न सल्लाह दिँदैनौं यसका विभिन्न चरणहरू हुन्छन् । पुरुष अथवा महिलाको अवस्था कस्तो छ ? सामान्यतया एक वर्ष दुई वर्ष प्राकृतिक रूपमै प्रयास गर्दापनि नभएपछि कहिलेकाहीं सामान्य औषधीहरूको सेवन गर्दापनि गर्भधारण हुन सक्छ ।

जस्तै महिलाहरूको महिनावारी गडबडी हुन्छ साथै अन्य साधारण समस्याहरूको लागि सामान्य औषधी सेवन गर्दा पनि हुन्छ । त्यस्तै कहिलेकाहीं पुरुषको शुक्रकीट न्यून हुने गर्छ त्यस्तो बेलामा शुक्रकीट सफा गरेर पनि महिलाको पाठेघरमा राखिन्छ, यो प्रविधिलाई आई.यु.आई भनिन्छ ।

त्यसपछि महिलाहरूको पाठेघरको समस्या , नलीहरू बिग्रेको अवस्थामा आईभिएफ गर्छौं । बाँझोपन हुने धेरै कारण हुन्छन् । कुन कारणले बाँझोपन भएको हो भन्ने पत्ता लागेन भने आई.भि.एफ असफल पनि हुनसक्छ । आई.भि.एफ गरिसकेपछि महिलाहरूलाई उच्च निगरानीमा राखिन्छ अन्य समस्या आउन नदिन धेरै ख्याल गर्नुपर्छ ।

आई.भि.एफ गरेका महिलाहरूलाई हामी शल्यक्रियाबाट नै बच्चा जन्माउन सल्लाह दिन्छौं । किनकी प्राकृतिक तरिकाले गर्दा अलि असहज पनि हुन सक्छ । आइ.भि.एफबाट जन्मेको बच्चा र प्राकृतिक रूपमा जन्मेको बच्चामा केही फरक पनि हुँदैन ।

# आइ.भि.एफ.पद्धतिका चरणहरू:

यसका मुख्य तीनवटा प्रक्रिया हुन्छन्।

**पहिलो, पूर्वतयारी अवस्था।**

**दोश्रो, महिलाको अण्डा बाहिर झिक्ने।**

**र, तेश्रो, बाहिरी रूपमा विकासित भ्रूण उपकरणमार्फत् पाठेघरमा पठाउने।**

पूर्वतयारी अवस्थामा नि:सन्तान दम्पत्तिको बाँझोपनसम्बन्धी अवस्थाको विस्तृत पहिचान गरिन्छ। चिकित्सकीय माध्यमबाट श्रीमानश्रीमतीको सम्पूर्ण जाँच गरिन्छ। जसअन्तर्गत श्रीमान र श्रीमतीको कुन-कुन कुरामा समस्या वा खराबी छ, के कारणले सन्तान हुन नसकेको हो भन्नेबारे सुक्ष्म अध्ययन र अनुसन्धान गरिन्छ।

सामान्यत: महिलाको पाठेघरको सुरूआती अवस्थालाई विस्तृत अध्ययन गरी तयारी गरिन्छ। त्यसपछि महिनावारी हुनेवित्तिकै सुई लगाइन्छ र उसको डिम्बाशयलाई हर्मोनको माध्यमबाट विस्तार गरेर धेरै अण्डा बनाइन्छ।

जतिबेला डिम्बाशयमा अण्डा परिपक्व हुन्छ, एउटा सुई दिएर ३४ -३५ घण्टापछि अण्डा बाहिर निकालिन्छ। यो प्रक्रिया शल्यक्रियामार्फत् हुन्छ। यसरी झिकिएको अण्डालाई इन्कुबेटर उपकरणमा विर्यसँग उपयुक्त वातावरणमा संयोजन गराई प्रयोगशालामा राखिन्छ । त्यसपछि त्यहीँ भ्रुण विकास हुन्छ ।

यदि विर्यको मात्रा कम छ वा कुनै खराबी भए एउटा मात्र विर्य डिम्बाशयमा छिराएर भ्रुण विकास गर्नुपर्छ। इन्कुबेटरबाट पाठेघरमा राखिन्छ ।

बिरामीलाई आवश्यक औषधी दिएर १४ दिनमा अस्पताल बोलाइन्छ र त्यसपछि गर्भाधारण अवस्थाबारे जाँच गरिन्छ। विश्वव्यापी रुपमा आइभिएफ विधिको सफलता ४५ देखि ५० प्रतिशत रहेको मानिन्छ ।

सामान्यतया, पहिलो चरणको प्रक्रियामा पाँच वटाभन्दा बढी भ्रुण बनाइन्छ । महिलाको अवस्था हेरर एक वा दुई वटा भ्रुण पाठेघरमा हाल्ने गरिएको छ। बाँकी भ्रुण सुरक्षित राखिन्छ। यदि पहिलोपटक सफल नभए, अर्कोपटक बाँकी रहेकाबाट पुन: पाठेघरमा हालिन्छ ।